| | |
|---|---|
| कार्यविधि संख्या | ०६ |

# माण्डवी गाउँपालिका अन्तर्गत गठन हुने संजाल गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९

| | |
|---|---|
| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति | २०७९/११/२१ |

माण्डवी गाउँपालिका
प्यूठान जिल्ला
लुम्बिनी प्रदेश

**प्रस्तावना:**

माण्डवी गाउँपालिकाको गाउँ कार्यपालिकाले आफ्नो काम कारबाहीलाई थप व्यवस्थित रूपमा सञ्चालन गरी कार्य सम्पादनस्तर गुणात्मक बनाई उच्चतम नतिजा प्राप्त गर्न, माण्डवी गाउँपालिकाले नेपालको संविधान, २०७२ को मौलिक हकमा उल्लेख भएको जेष्ठ नागरिकको अधिकार तथा नागरिकहरूको संगठन,स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पु¥याउन, जेष्ठ नागरिक सञ्जाल गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागू गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस भन्ने उद्देश्यले यस गाउँपालिका भित्र जेष्ठ नागरिक संजाल गठन र व्यवस्थापन मार्फत सार्थक जेष्ठ नागरिकको सहभागीता सुनिश्चित गर्न, गाउँपालिका भित्रका महिलाहरुलाई वडास्तरदेखि नै महिलाहरूको नेतृत्वमा सरोकारवालाहरू प्रतिनिधीत्व वडास्तरीय महिला मार्फत सुनिश्चित गर्दै गाउँ कार्यपालिका मातहतको सामाजिक विकास समितिको प्रत्यक्ष मातहतमा रहने गरी महिला संजालको गठन गरी सोही संजाल मार्फत महिला विकास सम्बन्धी गाउँपालिका स्तरीय नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनिहरुलाई संलग्न गराई समग्र माण्डवी गाउँपालिकाको सवार्ङ्गिण विकासको मुलप्रवाहमा महिलालाई समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न, अपांगता भएका व्यक्तिहरुको हक, हित, अधिकारको संरक्षण,वकालत र गाउपालिकालाइ अपांगता भएका व्यक्तिको क्षेत्रमा नीति कार्यक्रम वनाउदा सहयोग गर्न, नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पु¥याउन, नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बाल समूह गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागु गर्न गराउन, यस माण्डवी गाउँपालिका क्षेत्र भित्र स्थायी रूपमा वसोवास गरेका दलित / उत्पीडित व्यक्तीहरुको सचेतना अभिवृधी गरी क्षमता विकाश गराई हरेक व्यक्तिसंग प्रतिस्पर्धा गरेर श्रेस्ता हासिल गराई सक्षम नागरिक तयार गर्न, आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने मर्मलाई आत्मसात गर्दै माण्डवी गाउँपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरुको प्रवद्र्धन र नियमन गर्न साथै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, सहकारीको माध्यमबाट सहकारी खेती,उद्योग, बस्तु तथा सेवा व्यवसाय सञ्चालन कार्य प्रभावकारी रुपले समयानुकूल अगाडि बढाउन, कृषि क्षेत्रसंग आवद्ध निकायहरूको संलग्नता र सहभागितामा सुचना प्रवाह, जनचेतना, तथ्यांक संकलन, कार्यक्रम माग, योजना छनौट, कार्यक्रम संचालन, बजारीकरण तथा अनुगमनमा सहजिकरण गर्ने उद्धेश्यको साथै सिमित कृषि प्राविधिकको कार्यक्षमता वृद्धि गरी बढी भन्दा बढी सेवा प्रवाह तथा कृषकको माग सम्बोधन मार्फत समग्र कृषिको बिकास गर्न लगायत कानून बमोजिम तोकिएका विभिन्न संजाल गठन गरी तिनीहरुको कार्यलाई अझ नतिजामूलक बनाउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम कार्यपालिकाको मिति २०७९।११।२१ को बैठकले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “माण्डवी गाउँपालिका अन्तर्गत गठन हुने संजाल गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९” रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**३. परिभाषाः**

**१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) ‘‘ऐन’’ भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्दछ।

(ख) ‘‘कार्यविधि’’ माण्डवी गाउँपालिका अन्तर्गत गठन हुने संजाल गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ सम्झनु पर्दछ।

(ग) ‘‘स्थानीय तह’’ भन्नाले गाउँपालिका तथा वडा कार्यालयहरुलाई जनाउनेछ।

(घ) ‘‘ गाउँपालिका ’’ भन्नाले माण्डवी गाउँपालिका , गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ङ) ‘‘अध्यक्ष’’ भन्नाले माण्डवी गाउँपालिका का अध्यक्षलाई सम्झनु पर्दछ।

(च) ‘‘उपाध्यक्ष’’ भन्नाले माण्डवी गाउँपालिका को उपाध्यक्षलाई सम्झनु पर्दछ।

(छ) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले माण्डवी गाउँपालिकाको प्रमुख प्रशासकीयक अधिकृतलाई सम्झनु पर्दछ।

(ज) "वडा" भन्नाले माण्डवी गाउँपालिका मातहतको कुनैपनि वडालाई सम्झनु पर्दछ।

(झ) "वडा समिति" भन्नाले सम्बन्धीत वडाको वडा समितिलाई सम्झनु पर्दछ।

(ञ) "वडा अध्यक्ष" भन्नाले माण्डवी गाउँपालिका मातहतको सम्बन्धीत वडाका वडा अध्यक्षलाई सम्झनुपर्दछ

(ट) ‘‘संजाल’’ भन्नाले यस कार्यविधि बमोजिम गठित संजाललाई सम्झनु पर्दछ।

(ठ)‘‘गाउँसभा’’ भन्नाले माण्डवी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(ड) ‘‘संयोजक’’ भन्नाले यस कार्यविधी बमोजिम गठन हुने संजालका संयोजक/अध्यक्षलाई सम्झनु पर्दछ

(ढ) ‘‘सदस्य’’ भन्नाले यस कार्यविधी बमोजिम गठन हुने संजालका सदस्यलाई सम्झनु पर्दछ।

(ण) ‘‘सदस्य सचिव’’ भन्नाले समितिको सदस्य सचिवलाई सम्झन पर्दछ।

(त) ‘‘शाखा/उपशाखा/इकाई’’ भन्नाले माण्डवी गाउँपालिका अन्तर्गतको शाखा/उपशाखा/इकाईलाई सम्झनु पर्दछ।

(थ) ‘‘सेवा प्रदायक कार्यालय’’ भन्नाले नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गरिरहेका स्वास्थ्य संस्था, विद्यालयहरु,विद्यालय श्रोत केन्द प्रहरी कार्यालय, सामाजिक तथा गैरसरकारी सघंसस्थाहरुलाई जनाउनेछ।

(द) ‘‘ज्येष्ठ नागरिक’’ भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिक सम्झनु पर्छ।

(ध) ‘‘जेष्ठ नागरिक सञ्जाल’’ भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका जेष्ठ नागरिक सञ्जाललाई जनाउनेछ यस शब्दले वडा तथा गाउँपालिका स्तरीय जेष्ठ नागरिक संजालहरु समेतलाई बुझाउनेछ।

(न) "महिला संजाल" भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका महिला सञ्जाललाई जनाउनेछ यस शब्दले वडा तथा गाउँपालिका स्तरीय महिला संजालहरु समेतलाई बुझाउनेछ।

(ऩ) "अपाङ्ग संजाल" भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका अपाङ्ग सञ्जाललाई जनाउनेछ यस शब्दले वडा तथा गाउँपालिका स्तरीय अपाङ्ग संजालहरु समेतलाई बुझाउनेछ।

(प) "बाल संजाल" भन्नाले यस निर्देशिका बमोजिम टोल विकास संस्था, विद्यालय र समुदायस्तरमा गठन भएका बाल क्लवहरुको प्रतिनिधीत्व हुने गरि वडा स्तरमा गठन भएको बाल संजाललाई जनाउन छ। बाल संजाल वडा स्तर र गाउँपालिकास्तरमा गठन भएको हुनेछ।

(फ) "दलित संजाल" भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका दलित सञ्जाललाई जनाउनेछ यस शब्दले वडा तथा गाउँपालिका स्तरीय दलित संजालहरु समेतलाई बुझाउनेछ।

(ब) "कृषि संजाल" भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका कृषि सञ्जाललाई जनाउनेछ यस शब्दले वडा तथा गाउँपालिका स्तरीय कृषि संजालहरु समेतलाई बुझाउनेछ।

(भ) "सहकारी संजाल" भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका क्षेत्र भित्र गठन भएका सहकारी सञ्जाललाई जनाउनेछ यस शब्दले वडा तथा गाउँपालिका स्तरीय सहकारी संजालहरु समेतलाई बुझाउनेछ।

(म) “सहकारी शाखा प्रमुख” भन्नाले गाउँपालिकाको सहकारी हेर्ने शाखाको प्रमुख कर्मचारीलाई सम्झनुपर्छ ।

(य) “सहकारी विज्ञ” भन्नाले सहकारी क्षेत्रमा कम्तिमा आठ वर्ष अनुभव प्राप्त ब्यक्तिलाई सम्झनुपर्छ ।

(र) “सहकारी हेर्ने विषयगत समितिको संयोजक” भन्नाले गाउँपालिकाको सहकारी हेर्ने विषयगत समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ऱ) “सहयोगी संस्था” भन्नाले यस गाउँपालिकाको क्षेत्र भित्र गठन भएका संजालहरुलाई सहयोग गर्ने, अधिकार संरक्षण तथा प्रर्वद्धनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिहेका अनुमती प्राप्त गैरसरकारी संस्थाहरु वा सामाजिक संस्थाहरुलाई जनाउनेछ ।

(ल) “सार्वजनीक निकाय” भन्नाले सरोकारवाला सरकारी संस्थालाई बुझाउनेछ ।

(ळ) “ सरोकारवाला” भन्नाले कृषि उपज उत्पादक, कृषक, कृषि समूह, कृषि सहकारी, कृषि सामग्री वितरक, कृषि उपज बिक्रेता, कृषि आबद् संघ संस्था आदि लाइ बुझाउछ ।

(ळ) “ कृषि शाखा” भन्नाले माण्डवी गाउँपालिकाको कृषि बिकास शाखा लाइ बुझाउनेछ ।

(व) "सहजकर्ता" सहजकर्ता भन्नाले बाल समूह गठन, परिचालन तथा सहजीकरणका लागि सम्बन्धित टोल विकास संस्थाबाट तोकिएको उमेर पुगेको व्यक्तिलाई जनाउनेछ । साथै वडास्तरीय बाल समूह सञ्जाल गठन, परिचालन तथा सहजीकरणका लागि सम्बन्धित वडा समितिले तोकिएको प्रतिनिधिलाई जनाउनेछ ।

(श) "पालिका स्तरिय संजाल" भन्नाले कार्यविधिको यस गाउँपालिका स्तरीय बमोजिमको संजाललाई सम्झनुपर्दछ

(ष) "वडास्तरिय संजाल" भन्नाले कार्यविधीको बमोजिम प्रत्यक वडामा गठन हुने संजाललाई सम्झनु पर्दछ ।

(स) "सामाजिक विकास समिति" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम सामाजिक क्षेत्र हुने गाउँ कार्यपालिका मातहतको सामाजि विकास समितिलाई सम्झनु पर्दछ ।

(ह) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तिलाई सम्झनुपर्छ ।

(कक) “बालक्लब” भन्नाले ८ देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरु संगठित भई बालअधिकारको संरक्षण र सम्बर्धनका लागि विद्यालय र समुदायस्तरमा गठन भई माण्डवी गाउँपालिकामा दर्ता भएका बालबालिकाहरुको गैर राजनैतिक संस्था ( बालक्लब, श्रमिक बालक्लब, बालसमूह, बालमञ्च, बालसदनआदि) लाई सम्झनु पर्दछ ।

(खख) "संरक्षक शिक्षक" भन्नाले विद्यालय तहमा गठन भएका बालक्लवलाई सहयोग तथा सहजिकरण गर्न तोकिएको शिक्षकलाई बुझिन्छ ।

(गग) "बालमैत्री सहजकर्ता" भन्नाले बाल क्लव गठन, संचाल, परिचालन तथा सहजिकरणला लागि सम्बन्धित टोल विकास संस्थाबाट तिकोएको व्यक्तिलाई जनाउनेछ । साथै वडास्तरीय वाल संजाल गठन, परिचालन तथा सहजिकरण र बालबालिकाको सर्वोत्तम हितका लागि कार्य गर्न सम्बन्धित वडा समितिले जिम्मेवारी तोकेको प्रतिनिधिलाई जनाउनेछ ।

## परिच्छेद-२

## कार्यविधिको उदेश्य

**४ .यस निर्देशिकाको मूलभूत उद्देश्य निम्नानुसार रहेको छ**

१) संजालको स्वतन्त्रताको अधिकारलाई ब्यबस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

२) संजालको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

३) संजालका सदस्यहरुमा भएको ज्ञान, सिप, क्षमता र अनुभवलाई उचित ढगंले प्रयोग गरी विकास प्रक्रियालाई टेवा पु¥याउने ।

४) संजाललाई एकद्वार प्रणाली मार्फत क्रियाशील गरी सबैको सहभागीतको सुनिश्चितताको लागि सहयोग गर्ने ।

५) सबै संजाल गठन, क्षमता बिकास र परिचालनमा एक रुपता ल्याउने ।

६) गाउँपालिका तथा वडाहरुको वार्षिक योजनाचक्र (योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याकङ्न र उपलब्धी मापन)मा संजालको सार्थक सहभागीता सुनिश्चित गर्ने ।

७) सूचना एकीकृत र अद्यावधिक गर्ने ।
८) समुदायमा रहेका विकृति र विसंगति हटाउन जनचेतनामुलक कार्यहरु संचालन गर्ने ।

## परिच्छेद-३
## कार्यविधिको कार्यान्वयन

१) गाउँपालिका तथा वडाहरुमा  संजाल गठन, व्यवस्थापन र सहजीकरणका लागि यस कार्यविधि बमोजिम गर्नु गराउनु गाउँपालिकाको दायित्व हुनेछ ।
२)  संजालमा सबै समुदायका व्यक्तिहरुको सहभागिता तथा सहजीकरणका लागि यस कार्यविधिको प्रचार प्रसार गर्नु र यस बमोजिम कार्यान्वन गर्न गराउन गाउँपालिका तथा वडा कार्यालयहरुलाई सहयोग गर्न क्रियाशील स्थानीय, राष्ट्रिय गैसस, अन्तर्राष्ट्रिय गैसस तथा विकास साझेदारहरुको जिम्मेवारी हुनेछ ।

## परिच्छेद-४
## संजाल गठन प्रक्रिया

**(क)  जेष्ठ नागरिक संजाल गठन प्रक्रिया**

**१. सञ्जाल गठनः- १ )** प्रत्येक वडामा जेष्ठ नागरिकको अधिकार तथा नागरिकहरूको संगठन,स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पु¥याउन, जेष्ठ नागरिक सञ्जाल गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागू गर्न गराउन, जेष्ठ नागरिक संजाल गठन र व्यवस्थापन मार्फत सार्थक जेष्ठ नागरिकको सहभागीता सुनिश्चित गर्न एक वडास्तरिय जेष्ठ सञ्जाल रहनेछ।

**२. सञ्जालको गठन देहाय बमोजिम हुनेछः-**

१. अध्यक्ष सहितको ५ देखि ९ सदस्य एक एक वडास्तरिय जेष्ठ सञ्जाल रहनेछ ।
२. मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ ।
३. उपनियम ४ ला जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले ज्ञापनो पद अनुरुपको आचरण नगरेको या जिम्मेवारी पूरा नगरेको भनि सञ्जालको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितीले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३. वडा स्तरीय जेष्ठ नागरिक सञ्जालको काम कर्तव्य र अधिकारः**

यस कार्यविधिको अन्यत्र नियममा उल्लेखित काम कर्तव्य र अधिकार को अतिरिक्त सञ्जालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-
( क) बैठकमा प्रस्तुत गर्नको लागि तयार गरिएका एजेण्डा वा विषयहरुको वारेमा वडा समन्वय समितिका सदस्यहरुलाई पूर्व जानकारी गराउनु पर्नेछ ।
(ख) समुदायमा आधारित सामाजिक तथा सामुदायिक भावना अघि बढाउन समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्नेछ ।
(ग)  वडा समिति, टोल विकास संस्थाहरुसंग छलफल गरी वडा भेला मार्फत ज्येष्ठ नागरिकहरुको हित प्रवर्द्धन र अभिवृद्धि गर्ने कार्यक्रम गाउँ विकास योजना तर्जुमा समावेश गर्न सिफारिश गर्ने र गाउँपालिकाको सहभागितात्मक योजना पद्धतिमा सहयोग तथा समन्वय गर्नु पर्नेछ ।
(घ) ज्येष्ठ नागरिकहरुको तथ्याङ्कका लागि वडा समितिलाई सहयोग गर्ने ।
(ङ) ज्येष्ठ नागरिकहरुको सीप, योग्यता, क्षमता र अनुभवको आधारमा वर्गिकृत विवरण बनाउन पहल गर्ने ।
(च) ज्येष्ठ नागरिक सम्बन्धी विषयमा वडा समितिलाई आवश्यक सुझाव सल्लाह दिने ।
(छ)  एक वडा एक ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना र सञ्चालनमा आवश्यक पहल र समन्वय गर्ने ।

(झ) वडाभित्र सञ्चालनमा रहेको ज्येष्ठ नागरिक दिवा सेवा ज्येष्ठ नागरिक मिलन केन्द्र लगायतका कार्यक्रम सञ्चालन व्यवस्थापनमा आवश्यक सहयोग र समन्वय गर्ने ।

(ञ) ज्येष्ठ नागरिकलाई आवश्यक परेका बखत वडा समितिको कार्यालय वा गाउँपालिका वा अन्य निकायमा ज्येष्ठ नागरिक सम्बन्धी जुनसुकै विषयमा अधिकार प्रवर्द्धनका लागि सहजीकरण र समन्वय सक्नेछ।

(त) ज्येष्ठ नागरिकहरुको परिचय पत्र वितरण तथा तथ्याङ व्यवस्थापन लगायत ज्येष्ठ नागरिक सम्बन्धी विषयमा वडा समितिको कार्यलयलाई आवश्यक सहयोग गर्ने ।

(थ)ज्येष्ठ नागरिकहरु पारिवारिक रुपमा अपहेलित भएको खण्डमा परिवारसँग छलफल गरी ज्येष्ठ नागरिकहरुलाई उचित रुपमा हेरचाह गर्न आवश्यक परामर्श दिन सक्नेछ ।

**४. गाउँपालिका स्तरीय जेष्ठ नागरिक सञ्जाल**

**१. सञ्जाल गठन:-**१. कार्यपालिकाको मातहतको सामाजिक विकास समितिको प्रत्यक्ष मातहतमा रहने गरी गाउँपालिका स्तरीय जेष्ठ नागरिक सञ्जाल गठन हुनेछ ।

**२. सञ्जालको गठन देहाय बमोजिम हुनेछः-**

१. अध्यक्ष सहितको ५ देखि ९ सदस्य एक गाउँपालिका स्तरीय जेष्ठ नागरिक संजाल गठन गरिनेछ ।

२. मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ ।

३. उपनियम ३ मा जुनसकै कुरा लेखिएको भएता पनी कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचारण नगरेको वा जिम्मेवारी पुरा नगरेको भनि परिषदको बहुमत सदस्यले ठहर गरी सामाजिक विकास समिति मार्फत कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ | तर पदबाट हटाउन अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका बाट बन्जित गरिने छैन ।

**३. गाउँपालिका स्तरीय जेष्ठ नागरिक सञ्जालको काम, कर्तव्य र अधिकार:**

क) गाउँपालिका भित्र छरीएर रहेका सम्पुर्ण जेष्ठ नागरिकहरुको अवस्था अद्यावधिक बनाई राख्ने ।

ख) महिला विकास शाखा सँगको सहकार्यमा आर्थिक स्रोत पहिचान गर्ने ।

ग) युवा पुस्तामा जेष्ठ नागरिकहरुका सीपहरु हस्तान्तरण प्रणालीको परिचालन गर्ने ।

घ) बार्षिक कार्यतालिका तयार गरी महिला विकास शाखा मार्फत गाउँपालिका कार्यालयमा दर्ता गरी कार्यान्वयनमा ल्याउने ।

ङ) माण्डवी गाउँपालिका भित्रका सम्पूर्ण जेष्ठ नागरिकहरुलाई गाउँपालिका मार्फत गरीने सम्बोधन गाउँपालिकास्तरीय जेष्ठ नागरिक सञ्जाल कार्यकारी समिति मार्फत गर्ने गराउने वातावरण मिलाउन पहल गर्ने ।

च) अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस वैज्ञानिक तवरले जेष्ठ नागरिक सम्मान कार्यक्रम सहित वार्षिक उत्सवको रुपमा मनाउने ।

छ) वडास्तरीय जेष्ठ नागरिक सञ्जाल कार्यकारी समितीको कार्यक्षेत्र निर्धारण गरी कार्यान्वयनमा ल्याउने ।

ज) जेष्ठ नागरिक मिलन केन्द्र निमार्ण गरी जेष्ठ नागरिकहरुको भेटघाट लगायतका विभिन्न क्रियाकलापहरु संचालनमा ल्याउने ।

झ) जेष्ठ नागरिकहरुलाई धार्मिक, पर्यटकीय, प्राकृतिक वातावरण अध्ययन अवलोकन गरी मनोरञ्जन दिलाउन भ्रमणको व्यवस्था मिलाउन ।

ञ) नेपाल सरकारबाट जेष्ठ नागरिकहरुलाई दिदै आएको यातायात औषधी लगायत अन्य क्षेत्रको सेवा सुविधाहरुमा न्याय संगत व्यवहारहरु भए नभएको एकीन गरी आवश्यक पहल गरी सेवा सुविधाहरु दिलाउन पहल गर्ने ।

ट) जेष्ठ नागरिकहरुका विविध समस्याहरु समाधान गर्न एक न्यायीक समिती गठन गर्ने ।

**(ख) महिला संजाल गठन प्रक्रिया**

**१. सञ्जाल गठन:- १ )** प्रत्येक वडामा महिला विकास तथा सशक्तिकरण सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि एक वडास्तरिय महिला सञ्जाल रहनेछ।

**२. वडा स्तरीय महिला सञ्जालको गठन देहाय बमोजिम हुनेछः-**

क) सम्वन्धीत वडा समितिले तोकेको सम्बन्धीत वडाको महिलाहरु मध्येबाट एकजना -संयोजक
ख) सम्बन्धीत वडाभित्रका महिला समुह, महिला सहकारी, आमा समुह वा टोल विकास संस्थाबाट एक जना महिला- सदस्य
ग) महिलाको हक, हितको संरक्षण र सम्बर्द्धन वा समाज सेवाको विशेष योगदान पुर्याएका महिलाहरु मध्येबाट वडा समितिबाट मनोनित चारजना-सदस्य
घ) वडा सचिव वा निजले तोकेको कर्मचारी - सदस्य-सचिव
३. उपनियम २ को खण्ड ख र ग बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा वडा समितिले गर्नेछ।
४. मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ।
५. उपनियम ४ ला जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले ज्ञापनो पद अनुरुपको आचरण नगरेको या जिम्मेवारी पूरा नगरेको भनि सञ्जालको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितीले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ। तर पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**४. वडा स्तरीय महिला सञ्जालको काम कर्तव्य र अधिकारः**

यस कार्यविधिको अन्यत्र नियममा उल्लेखित काम कर्तव्य र अधिकार को अतिरिक्त सञ्जालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-
क) वडा भित्रका टोल विकास संस्थाहरुले सम्पादन गर्ने कार्यमा समन्वय तथा सहजिकरण गर्ने।
ख) महिला सशक्तिकरण तथा मुल प्रवाहिकरण सम्बन्धी कार्यक्रमहरुका तर्जुमा गरि वडा समितिमा पेश गर्ने।
ग) वडाभित्र क्रियाशिल महिलासंग सम्बन्धीत संघ संस्थाहरु विच आवश्यक समन्वय एवं सहजीकरण गर्ने।
घ) वडा भित्रका महिलाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी वडा समितिमा सिफारिस गर्ने।
ड) महिलालाई सर्वाङ्गिण विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्यहरु सञ्चालन गर्ने  गराउने।
(च) महिलालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयमंसेवकको रुपमा परिचालन गर्ने गराउने
छ) महिलासंग सम्बन्धीत विभिन्न संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने गराउने
ज) लैंगिक हिंसा नियन्त्रणका जावश्यक कार्यक्रमहरुको तर्जुमा गरी वडा समितिमा पेश गर्ने
(झ) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने, गराउने।

**ख) गाउँपालिका स्तरीय महिला सञ्जाल**
**१. सञ्जाल गठन:-**१. कार्यपालिकाको मातहतको सामाजिक विकास समितिको प्रत्यक्ष मातहतमा रहने गरी गाउँपालिका स्तरीय एक महिला सञ्जाल गठन हुनेछ।

**२. गाउँपालिका स्तरीय महिला सञ्जालको गठन देहाय बमोजिम हुनेछः-**

क) सबै वडाका सञ्जालका संयोजकहरु मध्येबाट आफुले छानेको एक जना -अध्यक्ष
ख) सबै वडाका महिला संजालका संयोजक -सदस्य
ग) महिलाको हक हितको संरक्षण र प्रवर्द्धन या समाज सेवाको क्षेत्रमा विशेस योगदान पुर्याएका महिलाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको पाँच जना- सदस्य
घ) गाउँपालिका कार्यालयको महिला विकास शाखा प्रमुख -सदस्य सचिव
२. उपनियम १ को खण्ड ग ममोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिने छ।
३. मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ।

४. उपनियम ३ मा जुनसकै कुरा लेखिएको भएता पनी कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचारण नगरेको वा जिम्मेवारी पुरा नगरेको भनि परिषदको बहुमत सदस्यले ठहर गरी सामाजिक विकास समिति मार्फत कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ | तर पदबाट हटाउन अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका बाट बन्जित गरिने छैन ।

**३. गाउँ पालिका स्तरीय महिला सञ्जालको काम, कर्तव्य र अधिकार:**

क) महिला विकास सम्बन्धी गाउँपालिका स्तरीय दीर्घकालिन नीतिको मस्यौदा तजुमा गरी सामाजिक विकास समितिमा पेश हुनेछ ।
ख) महिला लक्षित गाउँपालिका स्तरीय वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी सामाजिक विकास विकास समितिमा पेश गर्ने ।
(ग) गाउँपालिका क्षेत्रभित्र क्रियाशिल महिलासंग सम्वन्धीत विभिन्न संघ संस्थाहरुलाई गाउँपालिका मा सूचिकृत गर्ने र उल्लेखित संस्थाहरुको काम कारवाहीको रेखदेख तथा नियमन गर्ने ।
(घ) गाउँपालिका क्षेत्र भित्रका महिलाहरुलाई उद्यमशील बनाउनको लागि आवश्यक क्षेत्र पहिचान गरी सामाजिक विकास समितिमा सिफारिस गर्ने ।
ङ) गाउँपालिका क्षेत्र भित्रको महिलाहरुलाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने गराउने ।
च) महिला विकास शसक्तिकरण एवं मुलप्रवाहीकरण सम्बन्धी विषयमा सामाजिक विकास समितिमा सिफारिस गर्ने ।
छ) गाउँपालिका क्षेत्रभित्रका महिलाहरुलाई विकास निर्माण तथा समाज सेवाका क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने गराउने ।
(ज) गाउँपालिकामा सूचिकृत महिला सम्बन्धी संघ संस्थाको क्षमता अभिवृद्दि गर्ने गराउने ।
(झ) कार्यपालिका तथा सामाजिक विकास समितिले विकास समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

**(ग) अपाङ्ग संजाल गठन प्रक्रिया**

**१. सञ्जाल गठनः- १ )** प्रत्येक वडामा अपांगता भएका व्यक्तिहरुको हक, हित, अधिकारको संरक्षण,वकालत गर्न एक वडास्तरिय अपाङ्ग सञ्जाल रहनेछ।

**२. वडा स्तरीय अपाङ्ग सञ्जालको गठन देहाय बमोजिम हुनेछः-**

१. अध्यक्ष सहितको ५ देखि ९ सदस्य एक वडास्तरिय अपाङ्ग सञ्जाल गठन गरिनेछ ।
२. मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ ।
३. उपनियम ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले ज्ञापनो पद अनुरुपको आचरण नगरेको या जिम्मेवारी पूरा नगरेको भनि सञ्जालको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितीले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**४ वडा स्तरीय अपाङ्ग सञ्जालको काम कर्तव्य र अधिकारः**

यस कार्यविधिको अन्यत्र नियममा उल्लेखित काम कर्तव्य र अधिकार को अतिरिक्त सञ्जालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

**ख) गाउँपालिका स्तरीय अपाङ्ग सञ्जाल**
**१. सञ्जाल गठनः-**१. अपाङ्गता भएका व्यक्तिहरुको मूलप्रवाहीकरण, सशक्तीकरण, क्षमता विकास र गरिबी निवारणका क्षेत्रमा स्रोत साधनबाट अपेक्षित उपलब्धी हासिल भई लक्षित वर्गले सन्तोषजनक प्रतिफल प्राप्त गर्ने कार्यमा सहयोग पुर्‍याउन माण्डवी गाउँपालिकाका वडा तथा गाउँपालिका स्तरमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुको समन्वय गर्नको लागि “माण्डवी गाउँपालिका अपाङ्गता सञ्जाल ” नामको एक संजाल गठन हुनेछ

**२. गाउँपालिका स्तरीय अपाङ्ग सञ्जालको गठन देहाय बमोजिम हुनेछः-**

क) अध्यक्ष,

ख) उपाध्यक्ष १ जना,

गं) सचिव १ जना,

घ) कोषाध्यक्ष १ जना,

ङ) सदस्य,

च) सदस्य

छ) सदस्य

ज) सदस्य, माण्डवी गाउपालिका सामाजिक विकास समिति संयोजक

झ) सदस्य, माण्डवी गाउपालिका शिक्षा संयोजक

ञ) सदस्य, माण्डवी गाउपालिका स्वास्थ्य संयोजक

ट) सदस्य, माण्डवी गाउपालिकामा अपांगता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संघ सँस्थाको एक जना प्रतिनिधि

ठ) सदस्य, क र ख वर्गको अपांगता भएका व्यक्तिहरुको संरक्षक तथा अभिभावकहरुमध्येवाट सञ्जालले छानेको एक जना प्रतिनिधि

ड) सदस्य सचिव, माण्डवी गाउपालिका महिला वालवालिका शाखा संयोजक

ढ) मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ।

ण) बुदा नं. ढ मा जुनसकै कुरा लेखिएको भएता पनी कुनै मनोनित सदस्यले आफ्नो पद अनुरुपको आचारण नगरेको वा जिम्मेवारी पुरा नगरेको भनि परिषदको बहुमत सदस्यले ठहर गरी सामाजिक विकास समिति मार्फत कार्यपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ | तर पदबाट हटाउन अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका बाट बन्जित गरिने छैन।

३) उपदफा २ को क देखी छ सम्मका सदस्यहरु अपांगता भएका व्यक्तिहरु वा क र ख वर्गका अपांगता भएका व्यक्तिको अभिभावक वा संरक्षकहरुमध्येवाट निज अपांगता भएका व्यक्ति र क र ख वर्गका अपांगता भएका व्यक्तिको अभिभावक वा संरक्षकहरुले नै चुनेको अर्थात रोजेको व्यक्ति नै हुनुपर्नेछ।

४) उपदफा २ वमोजिमको सञ्जाल गठन गर्दा जाति, लिंग, वर्ग र भौगोलिक समावेशिताको आधारमा गठन गर्नुपर्नेछ।

**३. गाउँपालिका स्तरीय अपाङ्ग सञ्जालको काम, कर्तव्य र अधिकार:**

(क) अपाङ्गताका क्षेत्रसंग सम्बन्धित सञ्चालित, माण्डवी गाउँपालिका, वडा कार्यालय, सरकारी एवं गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमामा, कार्यान्वयनमा, सहजीकरण, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) समावेशीता र अपाङ्गता भएका व्यक्तिहरुका लागि वनेका नीतिगत व्यवस्थाको आधारमा अपाङ्गता लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित वर्ग लाभान्वित हुने अवस्था सुनिश्चितका लागि समन्वय र सहजीकरण गर्ने,

(ग) नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहका बिषयगत कार्यालयहरु, अन्त्तराष्ट्यि, राष्ट्यि तथा स्थानीय गैरसरकारी संस्थाहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण, चेतना विकास र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा गर्नको लागि सिफारिश गर्ने,

(घ) सामुदायिक संस्था, समिति तथा समूहरुको संस्थागत क्षमता विकास र सशक्तिकरण गरी उनीहरुका माग तथा आवश्यकताहरु सम्बन्धित निकायहरुमा पु¥याउन सहयोग र समन्वय गर्ने,

(ङ) अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तिकरण गर्ने, गराउने,

(च) अपाङ्गता भएका व्यक्तिको सहभागिता, शसक्तिकरण तथा विकासका लागि र अन्य कार्यान्वयनमा रहेका कानून, ऐन, नियमावली, ,निर्देशिका,कार्यविधि नीति, रणनीतिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने,

(छ) अपाङ्गता सम्बन्धी कार्यक्रमहरु (मनोरंजन तथा खेलकुद) कार्यान्वयनको लागि आवश्यक सहयोग उपलव्ध गराउन

(ज) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ बमोजिम गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिसँग समन्वय गरी उक्त नीति कार्यान्वयनको लागि सहयोग तथा कार्यान्वयनको अनुगमन गर्ने,

(झ) विभिन्न निकायहरुबाट अपाङ्गता भएका व्यक्तिको लागि मात्र लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख अध्यावधिक गरी राख्ने ।
(ञ) विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा संस्थामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वको सुनिश्चितताका लागि पहल गर्ने,
(ट) स्थानीय तहहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परिक्षण नीति अनुसारको लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तजुमा तथा कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,
(ठ) विषयगत शाखाहरु तथा स्थानीय तहबाट सञ्चालित अपाङ्गता भएका व्यक्तिहरुको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने,
(ड) अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता सम्वन्धि नीतिगत व्यवस्थाहरुको स्थानीय तहमा कार्यान्वयनका लागि सहजीकरण गर्ने,
(ढ) कार्यपालिका तथा सामाजिक विकास समितिले विकास समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

## घ) बाल क्लब/संजालको किसिम र गठन सम्बन्धि व्यवस्था

**१. समुदायमा आधारित बाल क्लब :**

(१) बाल समूह सामान्य अवस्थामा २५ जना वा सो भन्दा बढी बालबालिका भेला भई टोल विकास संस्था अन्तर्गत बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै बाल समूह मानिनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु हुनेछन् ।

क) अध्यक्ष : १ जना

ख) उपाध्यक्ष : १ जना

ग) सचिव : १ जना

घ) सहसचिव : १ जना

ङ) कोषाध्यक्ष : १ जना

च) सदस्य : ५ जनासम्म समिति र अन्य सदस्य रहने

छ) सल्लाहकार : ३ जना

ज) सहजकर्ता : १ जना

(२) एक विद्यालयमा एक बाल समूह/क्लब रहनेछ ।
(३) विद्यालय र समुदाय स्तरमा वालसमूह गठन गर्दा ८ बर्ष देखि १८ वर्ष उमेर समुहका बालबालिकाहरु आवद्ध हुनेछन् ।
(४) मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ ।
(५) उपनियम ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले ज्ञापनो पद अनुरुपको आचरण नगरेको या जिम्मेवारी पूरा नगरेको भनि सञ्जालको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितीले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**२. विद्यालयमा आधारित बाल क्लब**

माण्डवी गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार अनुगमन तथा प्रवद्र्धन गर्न गठन भएका बाल क्लवलाई विद्यालयमा आधारित बाल क्लव भनिनेछ ।

क) विद्यालयमा आधारित बाल क्लवहरुले सबै जातजाति, कक्षा, लिंग, उमेर र शारीरिक हैसियतका बालबालिकाहरुको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ।

ख) यसरी बन्ने बाल क्लवमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भइ अध्ययनरत हुनुपर्दछ ।

**३. विषयगत बाल समूहहरू ः**

(अ)ः विषयगत रुपमा निश्चित विषयहरू जस्तै बालिकाहरूको मात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवर्तन, बालश्रम, एचआइभी तथा एडस जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल समूहहरू गठन गर्न सकिनेछ।

(आ) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका यस्ता बाल समूहलाई विषयगत बाल समूह मानिने छ।

इ) विद्यालयभित्र यस्ता बालसमूह गठन भएमा उक्त समुहलाई विद्यालयस्तरीय बाल समूहकै उपसमूह मानिने छ।

ई) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफनो संस्थागत बाल समूह गठन गर्न सक्नेछन।

उ) यस्ता बालसमूहहरुको गठन र व्यवस्थापन विधि स्वय ंयसका महासघं, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन।

**२. वडा स्तरीय बाल संजाल गठन**

(१) वडामा रहेका सबै टोल एवं विद्यालयस्तरीय बाल समूहहरुको १ जना महिला सहित २ जना बालवालिका प्रतिनिधित्व हुने गरी भेलाको आयोजनाबाट वडास्तरीय बाल समूह सञ्जालको गठन गरिनेछ। जसमा देहाय बमोजिमका पदाधिकारीहरु हुनेछन्।

क) अध्यक्ष : १ जना

ख) उपाध्यक्ष : १ जना

ग) सचिव :१ जना

घ) सहसचिव: १ जना

ङ) कोषाध्यक्ष : १ जना

च) सदस्य : ६ देखि ८ सदस्यहरु

छ) सल्लाहकार : पूर्व वाल क्लवको तर्फबाट एक जना, टोल विकास संस्था वडा समन्वय समितिबाट समितिले तोकेको एक जना सहित ३ जना

ज) सहजकर्ता : १ जना वडा समितिले तोकिएको सह संरक्षक

(२) मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ।

(३) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले ज्ञापनो पद अनुरुपको आचरण नगरेको या जिम्मेवारी पूरा नगरेको भनि सञ्जालको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितीले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ। तर पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**३. वडा स्तरीय बाल संजालको काम कर्तब्य र अधिकार**

(क) बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जूमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने

(ख) वडाभित्र विशेष संरक्षणको आवश्कयता भएका बालबालिकाको तथ्याङ्क संकलन अद्यावधिक गर्ने गाउँपालिका स्तरीय बाल संजाल समक्ष पठाउने।

(ग) वडाभित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ–संस्था, बालक्लब लगायतका सरोकारवालाबिच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकारसम्बन्धी संरक्षणात्मक र प्रबर्दधनात्मक कार्यहरु गर्ने, गराउने।

(घ) बालअधिकारका क्षेत्रमा स्थानीय संघसंस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने, .

(ङ) जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्वन्धित निकायसँग समन्वय गर्ने।

(च) वडाभित्र बालअधिकार हननका घटनाका सम्वन्धमा सम्वन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने

(छ) आवश्यकतानुसार बालबालिकाहरुको निमित्त आकस्मिक कोषको व्यवस्था मिलाउने,

(ज) बालअधिकारको सम्मान,संरक्षणमा र प्रवर्द्धनका लागि वकालत गर्ने र वडा समितिलाई बालअधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने ,

(झ) वडाभित्र बालबालिकाका सम्वन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने,प्रतिवेदन तयार गर्ने र नगर बालअधिकार समिति समक्ष पठाउने,

**४. गाउँपालिका स्तरीय बाल संजाल गठन**

(१)गाउँपालिकामा रहेका सबै वडास्तरीय बाल समूह सञ्जालहरुको प्रतिनिधित्व हुने गरी भेलाको आयोजनाबाट गाउँपालिकास्तरीय बाल समूह सञ्जालको गठन गरिनेछ। जसमा देहाय बमोजिमका पदाधिकारीहरु हुनेछन्। ५ वटै वडाहरुको प्रत्येक बाल क्लववाट एक जना वालिका सहित दुई जना वालवालिका

क) अध्यक्ष : १ जना

ख) उपाध्यक्ष : १ जना

ग) सचिव : १ जना

घ) सहसचिव : १ जना

ङ) कोषाध्यक्ष : १ जना

च) सदस्य : ५ जना वडागत सदस्यहरु तीन जना विशेष क्षेत्रवाट समितिले सदस्य तोक्ने

छ) सल्लाहकार: ३ जना

ज) सहजकर्ता :सम्बन्धित शाखा

(२) बाल क्लवमा जतिसुकै उमेर समूहका बालबालिका रहेता पनि १२ देखि १८ वर्ष उमेर समुहले नेतृत्व गर्ने छ।

(३) सबै बाल समूहहरू गाउँपालिका तथा वडामा अनिवार्य सूचीकृत र नवीकरण हुनुपर्नेछ।

(४) मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ।

(५) उपनियम ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले ज्ञापनो पद अनुरुपको आचरण नगरेको या जिम्मेवारी पूरा नगरेको भनि सञ्जालको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितीले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ। तर पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**५. गाउँपालिका स्तरीय बाल संजालको काम कर्तब्य र अधिकार**

(क) संजालको दिर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जूमा गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रबर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र सस्थागत संयन्त्रको व्यवस्था गर्ने,

(ग) गाउँपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) बालअधिकारसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) नेपाल पक्ष रहेका बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धिसँग सम्बन्धित नगरस्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

(च) गाउँपालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौनदुर्वयवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबलिकाको उद्दार, पुनःथापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बालहेल्पलाइन नं. १०९८ (दश नौ आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिजस्ता कार्य समन्वय, सहयोग र सहजीकरण गर्ने,

(छ) बालअधिकार संरक्षण तथा प्रबर्दधन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद र सम्बन्धित निकायहरुमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क/विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) बालसंरक्षण तथा बालअधिकार प्रबर्दनका लागि सञ्चालन हुने राष्ट्रिय÷प्रादेशिक र नगरपालिकाको अभियानमा सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने,

(ठ) प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्सथापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाइ सुधारका लागि निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्बन्धित निकायमा सिफारिस गर्ने

(ड) गाउँपालिकाभित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्सथापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) नगरपालिकाभित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्सथापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा देहायको बुँदाहरुमा अनुगमन टोली/समिति गठन गरी अनुगमन गर्ने/गराउनेः

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन ,

२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

३) बालक्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बालसहभागिताजस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

४) बालबालिका ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५) बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्सथापना केन्द्र तथा सामाजिकीकरणको केन्द्रमा कुनै अवाञ्छित कार्य भएको छ वा छैन,

६) उपखण्ड (५) मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा,

(७) बालगृहमा आश्रित बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

(८) व्यस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्ड बमोजिम पालन गर्नुपर्ने कुराहरु पालन गरेको छ वा छैन,

(९) उपलब्ध श्रोत, साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(१०) बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन ।

(११) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**६.उपसमितिको व्यवस्थाः**

बालक्लबले कार्यसमितिका सदस्यहरुमध्ये कुनै एकजनाको संयोजकत्वमा आवश्यकता हेरी निश्चित समयका लागि बढीमा सात सदस्यीय उपसमिति गठन गर्न सक्नेछ । यस्तो कार्यसमितिले तोकेको विषय वा क्षेत्रसँग सम्बन्धित काम सम्पन्न गर्नेछ । आवश्यक जानकारीका लागि केही उपसमितिहरुको नाम र तिनको काम निम्नानुसार उल्लेख गरिएको छ

**क.भित्तेपत्रिका उपसमिति:**

१. मासिक रुपमा भित्तेपत्रिका प्रकाशन गर्नु।

२. भित्तेपत्रिका प्रकाशनका लागि आवश्यक सामग्रीहरू सुरक्षित राख्नु।

३. बालबालिकाका रचनाहरू पत्रिकामा क्रमशः प्रकाशित गर्दै जानु।

४. अन्य सहयोगी साथीहरू खोजी भित्तेपत्रिका तयारी सम्बन्धी सीप सिकाउनु।

५. भित्तेपत्रिकाका उत्कृष्ट लेख रचनाहरूलाई अन्य पत्रपत्रिकामा पठाउनु।

**ख. स्वास्थ्य र सरसफाइ उपसमिति**

१. आफनो कार्यक्षेत्रभित्र स्वास्थ्य र सरसफाइ सम्बन्धी अभियान सञ्चालन गर्नु।

२. वडा वा नगरपालिकालाई खुला दिसामुक्त÷पूर्ण सरसफाइ÷पूर्ण खोपयुुक्त बनाउने अभियानमा सहयोग गर्नु।

**ग. शिक्षा उपसमिति:**

१. भयरहित र गुणस्तरीय सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु।

२. विद्यालयको नियमित क्रियाकलाप सञ्चानमा सहयोग पुरयाउनु।

३. विद्यालय भर्ना अभियान सञ्चालनमा सहयोग पुरयाउनु।

४. बिद्यालय जाने उमेर पुगेका बालबालिकालाई बिद्यालयमा भर्ना गराउनु।

५. बिद्यालय उमेर समूह भित्रका बिद्यालयबाट बञ्चित बालबालिकाहरुको तथ्यांक संकलनमा सहयोग गर्नु।

**घ. खेलकुद/अतिरिक्त क्रियाकलाप उपसमिति:**

१. खेलकुदका सामग्रीहरू सुरक्षित रुपले राख्नु।

२. साप्ताहिक रुपले खेलकुद एबं अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नु।

**ङ) आर्थिक उपसमिति:**

१. बालक्लबमा जम्मा भएको रकमकलम र जिन्सी सामानका रेखदेख गर्नु।

## ङ) दलित संजाल गठन प्रक्रिया

**१. वडा समिति गठन.**

(१) यस माण्डवी गाउँपालिकाको वडा भित्र स्थायी रुपमा वसोवास गरेका दलित / उत्पीडित व्यक्तिहरुको भेलावाट वडा स्तरीय समिति निम्न वमोजिम गठन गरिने छ।

क) संयोजक -१ जना
ख) सह. संयोजक-१ जना
ग) सचिव-१ जना
घ) कोषाध्यक्ष-१ जना
ङ) सदस्यहरु- ५ जना
(२) मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ।
(३) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले ज्ञापनो पद अनुरुपको आचरण नगरेको या जिम्मेवारी पूरा नगरेको भनि सञ्जालको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितीले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ। तर पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**२. वडा समितिको काम कर्तब्य र अधिकार-**

१. गठन भएको वडा समितिले दलित / उत्पीडित व्यक्तिहरुको सचेतना अभिवृदि गराई सक्षम नागरीक तयार गर्न. क्षमता विकास र सिप मुलक तालिम संचालन गर्ने योजना वनाई नगर संजाल मार्फत नगरपालीका कार्यालयवाट वडा समितिलाई छुट्टाईएको वजेट लगी वडा समिति लगायत सवै दलित / उत्पीडित व्यक्तिहरुलाई सहभागी गराई क्षमता विकास र आय आर्जन गर्ने सिप मुलक तालिम. गोस्ठी प्रशिक्षण संचालन गर्ने । वडा समिति र वडा विकास कार्यक्रम अन्तर्गत रहि काम गर्ने ।

**३.२ गाउँपालिका स्तरीय समिति गठन**

१. माण्डवी गाउँपालिकाका ५ वटा वडाका वडा समितिका ५ जना संयोजकहरु पदेन सदस्य रहने गरी एक गाउँपालिकास्तरिय संजाल गठन गरिने छ । गाउँपालिका स्तरिय संजालको वैठक वसि वैठकको निर्णयवाट तपशिल वमोजिमको पदाधिकारी चयन गरिने छ ।

क) संयोजक-१ जना
ख) सह. संयोजक- १ जना
ग) सचिव-१ जना
घ) कोषाध्यक्ष- १ जना
ङ) सह- सचिव -१ जना
च) सह कोषाध्यक्ष -१ जना
छ) सदस्यहरु -५ जना
जम्मा १४ जना
(२) मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ ।
(३) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले ज्ञापनो पद अनुरुपको आचरण नगरेको या जिम्मेवारी पूरा नगरेको भनि सञ्जालको बहुमत सदस्यले ठहर गरी वडा समितिमा सिफारिस गरेमा वडा समितीले त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**गाउँपालिका स्तरीय दलित संजाल काम कर्तव्य र अधिकार-.**

गाउँपालिका स्तरीय दलित संजालले दलित / उत्पीडित व्यक्तिहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरीक तयार गर्न क्षमता विकास र सिप मुलक नगर स्तरिय तालिम संचालन गर्ने योजना बनाई गाउँपालिका कार्यालयवाट गाउँपालिका संजाललाई छुट्टाईएको वजेट लगी गाउँपालिका स्तरीय संजाल लगायत सवै दलित / उत्पीडित व्यक्तिहरुलाई सहभागी गराई क्षमता विकास र आय आर्जन गर्ने सिप मुलक तालिम, गोस्ठी प्रशिक्षण संचालन गर्ने । तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## <u>च) सहकारी संजाल गठन प्रक्रिया</u>

सञ्जाल, सल्लाहकार समिति र सहजिकरण समितिको गठन तथा काम, कर्तब्य र अधिकार

**१ .सञ्जालको गठन** : (१) गाउँपालिका भित्र कार्यक्षेत्र रहेका र क्रियाशील विषयगत तथा बहुउद्देश्यीय सहकारी संस्थाबाट प्रतिनिधित्व हुने गरी १० सदस्यीय माण्डवी गाउँपालिका स्तरीय सहकारी सञ्जाल गठन देहाय बमोजिम गर्न सकिनेछ ः

(क) संयोजक १
(ख) सह’संयोजक १
(ग) सदस्यहरु ७
(घ) सचिव १

(२) सञ्जालका पदाधिकारीहरु गाउँपालिकाका सबै क्रियाशिल सहकारी संस्थाका सञ्चालक समितिका अध्यक्ष÷पदाधिकारी मध्येबाट प्रत्येक वडावाट १ जनाको दरले निर्वाचित हुनेछन्।

(३) सञ्जालका पदाधिकारीहरुको पदावधि दुई वर्ष हुनेछ।

(४) सञ्जालमा संभव भएसम्म कम्तिमा तेत्तीस प्रतिशत महिला निर्वाचित गरिनेछ।

(५) अध्यक्ष सञ्जालको संरक्षक हुनेछ।

(६) गाउँपालिकाका सबै क्रियाशील सहकारी संस्थाले उपदफा (१) बमोजिमको सञ्जाल गठनको लागि प्रतिनिधि तोकी पठाउनु पर्नेछ। ती प्रतिनिधिहरुको एक निर्वाचन मण्डलबाट संजालका पदाधिकारीहरु निर्वाचित हुनेछन्।

(७) सहकारी शाखा प्रमुखले सञ्जालको सचिवको काम गर्नेछ।

**२. सल्लाहकार समिति :**

(१) दफा ६ बमोजिम गठन भएको सञ्जाललाई आवश्यक सर–सल्लाह र सहकारी सम्बन्धमा निर्देशन तथा समन्वय गर्न तपशिल बमोजिमको सल्लाहकार समिति रहनेछ :

(क) अध्यक्ष – संयोजक

(ख) उपाध्यक्ष – सह–संयोजक

(ग) सहकारी हेर्ने विषयगत समितिको संयोजक – सदस्य

(घ) जिल्ला सहकारी संघको अध्यक्ष÷प्रतिनिधि – सदस्य

(ङ) सहकारी शाखा प्रमुख – सदस्य–सचिव

(२) समितिलाई आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत र सहकारी विज्ञलाइ पनि बैठकमा आमन्त्रण गर्नेछ।

(३) अध्यक्षको निर्देशनमा सदस्य–सचिवले बैठक बोलाउने र बैठक सम्वन्धी आवश्यक ब्यवस्थापन गर्नेछ।

(४) समितिको राय, सल्लाह र सुझाव गाउँपालिकाका, सहकारी संस्था साथै सदस्यको आर्थिक उन्नतिमा केन्द्रित रहनेछ।

(५) उपदफा (४) वमोजिम सल्लाहकार समितिको सुझाव दफा ६ बमोजिम गठित सहकारी सञ्जालको लागि मार्गदर्शन हुनेछ।

**३. कार्यक्रम सञ्चालन तथा सहजीकरण समितिः**

(१) गाउँपालिकाभित्र कार्यक्षे त्र रही कियाशिल सहकारी सस्थाका सञ्जाल माफत सञ्चालन हन कार्यक्रम सञ्चालन तथा सहजीकरणको लागि तपशिल बमोजिमको कार्यक्रम सञ्चालन तथा सहजीकरण समिति गठन हुनेछ। समितिको सहजीकरण दफा ६ बमोजिम गठित सञ्जालको लागि मार्गदर्शन हुनेछ।

(१) सहकारी शाखा प्रमुख संयोजक

(२) जिल्ला सहकारी संघको अध्यक्ष/प्रतिनिधि –सदस्य

(३) विषयगत सहकारी संघको अध्यक्ष/प्रतिनिधि (बढीमा ३ जना ) –सदस्य

(४) सहकारी सञ्जालको संयोजक –सदस्य

(२) समितिले बैठकमा आवश्यकतानुसार सहकारी विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ।

(३) विषयगत सहकारी संघको अध्यक्ष÷प्रतिनिधिमा कम्तिमा एकजना महिलाको प्रतिनिधित्व हुनुपर्नेछ।

**४. सञ्जालको काम, कर्तब्य र अधिकारः**

(१) दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि गाउँपालिकासंग प्रत्यक्ष रुपमा सहकार्य गरी गाउँपालिकास्तरीय सहकारीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने।

(२) प्रत्येक वर्ष प्रथम चौमासिक अविधिभित्र कम्तिमा एकपटक गाउँपालिकास्तरीय सहकारी संस्थाहरुको भेला गर्ने।

(३) गाउँपालिकाभित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको लागि आवश्यक सहकारी सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गर्न गाउँपालिका र स्थानीय गैर सरकारी संघ संस्था तथा गैर नाफामूलक संघ संस्थासंग समन्वय र सहकार्य गर्ने।

(४) उपदफा (३) बमोजिमका तालिम तथा कार्यक्रम तयार गरी दफा ८ बमोजिम गठित कार्यक्रम सञ्चालन तथा सहजीकरण समिति माफत दफा ७ बमाजिम गठित सल्लाहकार समितिलाई जानकारी गराउने।

(५) सल्लाहकार समितिको निर्देशनानुसार तालिम तथा कार्यक्रम सञ्चालन गर्ने।

(६) गाउपालिकाभित्र कार्यक्षेत्र रहका विषयगत र बहुउद्देश्यिय सहकारी संस्थाहरुको विस्तृत विवरण समावेश गरी प्रत्येक वर्ष साउन मसान्तभित्र तथ्या, सार्वजनिक गर्ने।

(७) उपदफा(६) बमोजिम तथ्यांक संकलन गर्दा सञ्जालले आवश्यक नमूना फारामहरु तयार गर्न सक्नेछ। (८) गाउँपालिकास्तरीय सहकारीको समग्र विकासको लागि गाउँपालिकालाई आवश्यक राय,सुझाव र पृष्ठपोषण गर्ने।

**छ) कृषि संजाल गठन प्रक्रिया**

**१. वडास्तरीय कृषि संजाल कार्य समिति गठन :**

गाउँपालिकाको प्रत्येक वडामा भेग, बालि, कृषि का विभिन्न क्षेत्र समेटिने गरि आवश्यकता अनुसार कम्तिमा १५ र बढीमा २१ सदस्य सम्मको निम्नानुसारको कार्य संजाल रहने छ। जसमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुने छ। मुख्य ५ पदहरुमा कम्तिमा २ जना महिला हुनुपर्नेछ|

संयोजक – १ जना ,

सहसंयोजक – १ जना

सचिव – १ जना

सहसचिब – १ जना

कोषाध्यक्ष – १ जना

सदस्य – १० देखि १६ जना

सल्लाहकार समिति – वडा प्रमुख, क्षेत्र हेर्ने कृषि प्राबिधिक र सम्बन्धित वडाको कृषि बिज्ञं हुनेछन |

आवश्यकता अनुसार अन्य उपसमिति पनि बनाउन सकिनेछ|

**२. वडास्तरीय कृषि संजाल कार्य संजाल छनौट प्रकृया:**

क. छनौट समिति : वडा कृषि संजाल छनौट निम्नानुसारको तिन सदस्यले सहजीकरण गर्ने छ।

१. वडा अध्यक्ष
२. वडा सचिव
३. कृषि प्राबिधिक

ख. वडा कृषि भेलाको सूचना: छनौट संजालले न्यूनतम १५ दिन अगाडी वडा कृषि भेलाको सूचना गर्ने छ। भेलामा उपस्थीत भएका साधारण सदस्यहरुवाट कार्य संजालको चएन हुने छ।

**३. संजालमा रही कार्य गर्न आवश्यक योग्यता :**

- कृषि संजाल व्यकतीगत सदस्य वा संस्थागत सदस्यको लागि संस्थाको मंजुरी पत्र
-१८ बर्ष उमेर पुरा भएको नेपाली नागरिक्
- स्वयंसेवाको भावना भई निस्वार्थ सेवा गर्न मन भएको
- कुनै किसिमको फौज्दारी अभियोग नलागेको।
- सम्बन्धित क्षेत्रभित्र कम्तिमा १ रोपनी क्षेत्रमा कृषि उत्पादन गर्दै आएको, कृषि सामग्री बिक्रि वितरण गरेको वा बजारिकरण गरको वा तालिम प्राप्त व्यक्ती–
- वडा भित्र रहेका कृषि र खेती योग्य जमिनको जानकार भएको
- कुनै पनि सरकारी निकायमा कार्यरत नभयको, राजनीति दलको प्रमुख पदमा नभयको
- नगरपालीका भित्र रहेका सार्वजनीक निकायलाई तिर्नु पर्ने कर वा महसुल बाकी नरहेको।
- वडा समितिले आवश्यक देखेमा निर्वाचित नगर सभा सदस्य समेत कृषक भएको भए संजालको संयोजक बन्न बाधा पर्ने छैन|

- कार्यसंजालमा रही सहयोग पुर्याउन चाहने संजालको सदस्यले अनुसूची – ३ अनुसारको सूचक पत्र भर्नु पर्ने छ।

**४ वडास्तरीय कृषि संजालको छनौट:**

छनौट समितिले  सम्पुर्ण साधरण सदस्यबाट कृषि भेला गराई सर्वसहमतीबाट कार्यसंजाल चएन गर्ने छ। सर्वसहमती हुन नसकेको पदमा साधारण सदस्य मध्येबाट उमेद्वारी दिने र  साधारण सदस्यहरूबाट नै बहुमत प्राणाली द्वारा छनौट गर्न सकिनेछ वा वडा समितिले मनोनयन गरि समेत कार्य संजाल चयन गर्न सकिनेछ ।

**५. गाउँपालिका स्तरीय कृषि संजाल लागि सदस्य पठाउने :** वडास्तरीय  कृषि संजालको पहिलो वैठकले छनौट भएका पदाधीकारीहरू वा सदस्यहरू मध्येबाट १ जना गाउँपालिकास्तरीय  कृषि संजालको लागि निर्णय गरी गाउँपालीका कृषि बिकास शाखामा सिफारीस गरी पठाउने छ।

६. **गाउँपालिकास्तरीय  कृषि संजाल गठन :** गाउँपालिका स्तरीय  कृषि संजाल  ९ सदस्य हुने छ। जसमा गाउँपालिका भित्रका ५  वडास्तरीय कृषि संजाल कार्यसमितिबाट  १-१ जना छनौट भई आउने छन।

७. **गाउँपालिकास्तरीय कृषि संजाल को कार्यसमिति**

संयोजक - १ जना

सह  संयोजक - १ जना

सदस्य सचिव - १ जना ( कृषि बिकास शाखा प्रमुख )

सदस्य - ६ जना

सल्लाहकार समिति  – गाउँपालिका प्रमुख वा निजले तोकेको ब्यक्ति तथा कृषि बिज्ञ रहनेछन | आवश्यकता अनुसार महानगर कार्यपालिकाले अन्य उपसमिति बनाउन सकिनेछ |

८. **गाउँपालिका स्तरीय कार्यसमिती गठन** : गाउँपालिका कृषि कार्य संजाल गठन गर्दा माथी उल्लेखित ...  जना सदस्यहरू मध्ये सर्बसम्मत बाट संयोजक, सहसंयोजक तथा सदस्यहरू चएन हुने छन। यदी सर्वसम्मत नभएमा उल्लेखीत ... जना सदस्यहरू मध्येवाट बहुमतीय प्रणालीवाट गाउँपालिका संजाल गठन हुने छ।

९. संजाल गठन तथा क्षमता अभिबृदी को लागि गाउँपालिका कृषि बिकास शाखाले सहजिकरण गर्ने छ।

१०. **गाउँपालिका तथा अन्य सरोकारवाला लाई जानकारी गराउने** : कृषि शाखाले गठित गाउँपालिका कृषि संजाल कार्य संजालको अनुमोदन गाउँ  कार्यपालिका बाट गराइसकेपछि मात्र कार्यन्वयन गराउनु पर्नेछ ।

**११. वडा कृषि संजाल कार्यसमितिको  काम कर्तव्य र अधिकार :**

- वडा स्तरमा रहेका कृषि समूह, सहकारी, फर्म, किसान तथा अन्य सरोकारवाला संग समन्वय गरि समग्र कृषि क्षेत्र बिकासको लागि पहल गर्ने |
- वडा वासी कृषकहरूलाई प्राप्त सूचना प्रवाह गर्ने, वडा कार्यालयवाट कृषि संजालको व्यक्तीगत वा संस्थागत साधारण सदस्यता प्रमाणपत्र उपलव्ध गराउन सहयोग गर्ने।
- साधारण सदस्यको प्रमाणपत्र नविकरण गर्ने।
- साधारण सदस्यता वापतको वार्षिक सदस्यता शुल्क संकलन गरी कोषमा जम्मा गर्ने।
- वडा कृषि संजाल कार्समितिको बैंक खाता मार्फत कोष संचालन गर्ने। कोषको लेखा परीक्षण गराउने।
- वडा अध्यक्षवाट कोष खर्च कार्यबिधि स्विकृत गराई कोष ब्यवस्थापन गर्ने।
- वडाका कृषिहरुको मूख्य मूख्य माग संकलन गरी वडा समिति, गाउँपालिका समिती र कृषि बिकास शाखामा मा पेस गर्ने।

- वडामा कुन कृषि वस्तु व्यवसायीक रुपमा उत्पादन गर्न सकिन्छ गाउँपालिका संजाललाई सल्लाह दिने ।
- वडा भित्र कृषि उत्पादनमा प्राकृतिक प्रकोप, रोग, किरा वा अन्य कुनै कारण उत्पादनमा कुनै समस्या आएमा तुरुन्त गाउँपालिका कृषि संजाल र गाउँपालीका कृषि बिकास शाखामा जानकारी गरी समाधानको उपाय गर्ने गराउने ।
- गाउँपालीकावाट कृषि संग संवन्धीत कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।
- गाउँपालीकाबाट संचालित कृषि बिकास कार्यक्रम संचालनमा सहजीकरण गर्ने ।
- वडा स्तरमा कृषि बजार, संकलन केन्द्र, प्रशोधन केन्द्र, कस्टम हयारिंग केन्द्र आदि स्थापना गर्ने
- वडा स्तरमा गाउँपालिका वा कुनै अनुमती प्राप्त संघ सस्थाको अनुरोधमा स्थानीय कृषकहरूको लागि कृषि प्रसार कार्यक्रम संचालन गर्ने ।
- गाउँपालिका वा अन्य संस्थावाट संचालित कृषि कार्यक्रमको अनुगमन गरी वडा कार्यालय, गाउँपालिका र कृषि शाखालाई जानकारी गराउने ।
- वडा स्तरमा नियमित रुपमा खाध्य सुरक्षा अवस्था बिस्लेशण गर्ने |

**१२. गाउँपालिका स्तरीय कृषि संजाल कार्य समिति को काम कर्तव्य र अधिकार :**

- माण्डवी गाउँपालिकाको कृषि नीति तथा बार्षिक कार्यक्रम अनुसारको क्रियाकलापमा सहकार्य गर्ने |
- वडास्तरीय कृषि संजालबाट संकलन भएका मागहरूको बिश्लेषण गरी अती महत्वपुर्ण कार्यको प्राथमिकता तोकी गाउँपालिका कृषि बिकास शाखामा पेश गर्ने ।
- गाउँपालिकाको कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने वा सिफारिस गर्ने
- गाउँपालिकावाट कृषि संग संवन्धीत कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।
- गाउँपालीकावाट संचालीत कृषि कार्यक्रमको अनुगमन गरी गराई भुक्तानीको लागी सिफारीस गर्ने ।
- गाउँपालिका भित्र कृषि बिकास तथा प्रबर्धनको लागि आवस्यक पर्ने कार्यक्रम को लागि सम्बन्धित निकाए संग समन्वय गर्ने ।
- वडा स्तरबाट प्राप्त सूचना तथा तथ्यांक को आधारमा गाउँपालिकाको खाध्य सुरक्षा अवस्था बिस्लेशण गर्ने |

## परिच्छेद-५
## सञ्जालको बैठक र निर्णय:

१) सञ्जालको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।
२) अध्यक्षले तोकेको मिति समय र स्थानमा सञ्जालको वैठक बस्नेछ ।
३) सञ्जालको बैठकमा कम्तीमा चौविस घण्टा अगावै छलफल हुने विषयको कार्यसूचि सहितको सूचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।
४) सञ्जालको कुल सदस्य संख्याको पचास प्रतिसत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा परिषदको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
(५) सञ्जालको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

६) सञ्जालको बैठक को निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ।
७) बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ।

## परिच्छेद ६
## विविध

**९. भाग लिन नहुने:** सञ्जालका कुनै सदस्य या पदाधिकारीले आफ्नो निजि स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुदैन।

**१०. उपसमिति वा कार्यदल गठन गर्न सक्ने:** पालिकास्तरीय या वडास्तरीय सञ्जालले यस कार्यविधि बमोजिम आफुले गर्नु पर्नेपर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार बढीमा पाँच वर्ष सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

**११. परिश्रमिक, सुविधा तथा बैठक भत्ता:** (१) पालिकास्तरीय वा वडास्तरीय सञ्जालका पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउनेछन।

**१२. वाषिक प्रतिवेदन:** (१) वडा संजालले आफुले वर्ष भरीमा सम्पादन गरेको काम कारवाहीकोवार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र सम्बन्धीत वडाका वडाध्यक्ष र पालिकास्तरीय सञ्जाल समक्ष पेश गर्नु पर्नेछ र वडाध्यक्षले उक्त प्रतिवेदन वडा समितिको बैठकमा प्रस्तुत गरी सामाजिक विकास समितिमा पेश गर्नु पर्नेछ।

२) पालिका स्तरीयः सञ्जाल पदाधिकारीहरुले आफुले वर्ष भरीमा गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सामाजिक विकास समितिका संयोजक समक्ष पेश गर्नु पर्ने छ र सामाजिक विकास समितिको संयोजकले उक्त प्रतिवेदन सामाजिक विकास समितिको बैठकमा प्रस्तुत गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**१३) निर्देशन दिन सक्ने:** १) कार्यपालिका तथा सामाजिक विकास समितिले दिएको निर्देशन पालना गर्नु यस कार्यविधि वमोजिम गठित सञ्जालको कर्तव्य हुनेछ।

**१४) संरक्षक सम्बन्धी व्यवस्था:** (१) सञ्जालको संरक्षक सामाजिक विकास समितिका संयोजक रहनेछ।

२) वडास्तरीयः सञ्जालको संरक्षक सम्बन्धीत वडाका वडाध्यक्ष हुनेछ।

१५) सहयोग गर्नूपर्नेः यस कार्यविधि यमोजिम गठित सञ्जालको काम कारवाहीको

१४) संरक्षक सम्वन्धी व्यवस्थाः (१) सञ्जालको संरक्षक सामाजिक विकास समितिका संयोजक रहनेछ

२) वडास्तरीयः सञ्जालको संरक्षक सम्बन्धीत वडाका वडाध्यक्ष हुनेछ।

**१५) सहयोग गर्नूपर्ने:** यस कार्यविधि यमोजिम गठित सञ्जालको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**१६) सञ्जालको विघटन:** (१) यस कार्यविधिमा उल्लिखित उद्देश्य बमोजिम काम गर्न नसक्ने वडा सञ्जाललाई सम्बन्धित वडाको वडा समितिले विघटन गर्ने सक्ने र सो को जानाकारी सामाजिक विकास समितिलाई गराउनु पर्नेछ।

२) यस कार्यविधिमा उल्लेखित उद्देश्य बोजिम काम गर्न नसक्न सञ्जाललाई सामाजिक विकास समितिको सिफारिसमा कार्यपालिकाले विघटन गर्न सक्ने छ।

**१७) विषयगत समितिको संयोजक: सञ्जालको अध्यक्ष हुन नपाउने:** यस कार्यविधिको अन्यत्र नियममा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाका मातहतको वियषगत समितिका संयोजकहरु यस कार्यविधि बमोजिम हुने संजालको अध्यक्ष हुन पाउने छैन।

**(१८) कार्यपालिकासंग सम्पर्क:** पालिका स्तरीय सञ्जालले कार्यपालिकासंग सम्पर्क राख्नु पर्दा सामाजिक विकास समिति मार्फत राख्नुपर्ने छ।

**१९) मापदण्ड बनाउने अधिकार:** यस कार्यविधिको कार्यन्वयन गर्नको लागि सामाजिक विकास समितिको सिफरिसमा कार्यपालिकाले आवश्यक मापदण्डको तर्जुमा गर्न सक्नेछ।

**२०) बाधा अड्काउ फुकाउने:** यस कार्यविधिमा उल्लेखित प्रावधान कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**२१) खारेज र बचाउ:**

(१) गाउँपालिका स्थापनादेखि हालसम्म माण्डवी गाउँपालिकाको गाउँ कार्यपालिका बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेका सबै संजाल गठन, पुनर्गठन तथा संचालन सम्बन्धि कार्यविधिहरु सबै खारेज गरिएका छन ।

(२) उपनियम (१) बमोजिम खारेज गरिएका कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ